व्यास नगरकार्यपालिकाको १८८ औं बैठक आज मिति २०८१/२/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - नि.प्र.प्र.अ. श्री केदारराज आचार्य | उपस्थित |
| प्रशासकीय अधिकृत | -श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/१/२३ को कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: व्यास नगरपालिका वडा नं.३ को फलफुल पसलहरुमा भएको आगलागी सम्बन्धमा ।

प्रस्ताव नं.३: आ.व. २०८१/०८२ को बजेट तर्जुमा परामर्श बैठक सम्बन्धमा ।

प्रस्ताव नं.४: प्लाष्टिक झोलामुक्त अभियान एवं फोहोर वर्गीकरणको निरन्तरता सम्बन्धमा ।

प्रस्ताव नं.५: आगामी नगर सभामा ऐन संशोधन एवं विधेयक प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं.६: व्यास नगरपालिका वित्तीय साक्षरता नवप्रवर्तन तथा उद्यमशीलता रणनीति २०८१-२०८६ सम्बन्धमा ।

प्रस्ताव नं.७: शासकीय सुधार योजना अन्तर्गत गुनासो समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं.८: वडास्तरीय मर्यादाक्रम तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं.९: गण्डकी प्रदेश सरकारको निर्धारित बजेट सिमा सम्बन्धमा ।

प्रस्ताव नं.१०: व्यास नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा सम्बन्धमा ।

प्रस्ताव नं.११: आई.पि.भि. खोप अभियानका अभिमुखीकरण सम्बन्धमा ।

प्रस्ताव नं.१२: सत्यवती मा.वि. की स्थायी मा.वि. शिक्षकको असाधारण बिदा सम्बन्धमा ।

प्रस्ताव नं.१३: चालक विकास श्रेष्ठको अतिरिक्त भत्ता सम्बन्धमा ।

प्रस्ताव नं.१४: गण्डकी प्रदेश सरकारबाट ढुङ्गा, गिट्टी, बालुवा विक्रीमा तोकिएको अतिरिक्त कर सम्बन्धमा ।

प्रस्ताव नं.१५: मुद्दामा अख्तियारी दिने सम्बन्धमा ।

प्रस्ताव नं.१६: मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा रकम मिलान सम्बन्धमा ।

प्रस्ताव नं.१७: मौरी तथा मौरीको घार खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१८: बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१९: रकम निकासा माग सम्बन्धमा ।

प्रस्ताव नं.२०: आर्थिक ऐन संशोधन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२१: नगर सभा र बजेट तर्जुमा सम्बन्धी कार्यतालिका सम्बन्धमा ।

प्रस्ताव नं.२२: आ.व.२०८०/०८१ को आन्तरिक आम्दानी सम्बन्धमा ।

प्रस्ताव नं.२३: दलित लक्षित कार्यक्रम अन्तर्गत रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.२४: मानुङ्ग सम्बन्धी पर्यटन प्रवर्द्धन प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं.२५: वडागत बजेट सम्पन्न योजनाबाट बाँकी रकम सम्बन्धमा ।

प्रस्ताव नं.२:६ अत्यावश्यक एवं विपदजन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.२७: स्वास्थ्य संस्था दर्ता सम्बन्धमा ।

प्रस्ताव नं.२८: दुग्ध उत्पादनमा आधारित अनुदान रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.२९: मासु प्रबर्द्धन कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.३०: धानको उन्नतबिउको मुल्य कायम गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३१ : अख्तियारी दिने सम्बन्धमा ।

प्रस्ताव नं.३२: घरनक्शा सफ्टवयर भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.३३: योजना परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं.३४: स्वास्थ्य संस्थाको जग्गा पास गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३५: प्रधानमन्त्री रोजगार कार्यक्रममा साझेदारी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३६: प्र.अ. नियुक्ती सम्बन्धमा ।

प्रस्ताव नं.३७: स्वीकृत उद्योग भन्दा बाहेकका स्लेटढुंगा बिक्री वितरण सम्बन्धमा स्पष्ट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३८: निर्णय संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.३९: स्वयंसेवक शिक्षक दरबन्दी कायम गरी नियुक्ति अनुमति दिने सम्बन्धमा ।

प्रस्ताव नं.४०: रकमको शीर्षक परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं.४१: नगर विकास कोषको ऋण अभिलेख राख्ने सम्बन्धमा ।

प्रस्ताव नं.४२: सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको राष्ट्रिय परिचयपत्र सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/१/२३ गते भएको निर्णहरुको बुँदागत समीक्षा गरी निर्णय नं.७ मा उल्लेख भएका घरभाडा सम्बन्धी कार्यलाई नियमानुसार प्रकृया अघि बढाउन र प्रस्ताव नं.३४ मा उल्लेख भएको विषयमा निर्णय लेख्न छुट भएकाले यसै बैठकमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ को पृथ्वी राजमार्ग तर्फका जिल्ला समन्वय समिति अन्तर्गतका सटरहरुमा मिति २०८१/२/६ गते राती भएको आगलागीबाट ठूलो धन-सम्पत्तिको नोक्सानी भएकाले नगरपालिकाको तर्फबाट दुःख व्यक्त गर्ने निर्णय गरियो । उक्त आगो नियन्त्रण लिन नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नगरपालिका कर्मचारी, स्थानीयको अथक प्रयास र पृथ्वी राजमार्ग सडक आयोजना, तनहुँ जलविद्युत आयोजनाबाट उपलब्ध गराइएको दमकलबाट समेत सहयोग प्राप्त भई बजार एवं नगरपालिकाको कार्यालय, पसलहरु बचाउन सफल भएकाले सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगजनीबाट धन-सम्पत्ति नोक्सान हुन पीडितहरुको राहत सहयोगका लागि नोक्सानी बिगो विवरण ३ (तीन) दिनभित्र संकलन गरी पेश गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

(क) संयोजक श्री अनुप राना, वडा अध्यक्ष - वडा नं.३
(ख) सदस्य श्री जिल्ला समन्वय समिति, तनहुँ प्रतिनिधि
(ग) सदस्य श्री जिल्ला प्रशासन कार्यालय, तनहुँ प्रतिनिधि
(घ) सदस्य श्री जिल्ला प्रहरी कार्यालय, तनहुँ प्रतिनिधि
(ङ) सदस्य श्री जिल्ला रेडक्रस तनहुँ शाखा प्रतिनिधि
(च) सदस्य उद्योग वाणिज्य संघ, दमौली बजार इकाई अध्यक्ष श्री सुकनारायण मल्ल
(छ) सदस्य व्यास नगरपालिका ईन्जिनियर श्री सुवास गौतम
(ज) सदस्य अग्नी पीडित प्रतिनिधि श्री केहरसिंह आले
(झ) सदस्य अग्नी पीडित प्रतिनिधि श्री प्रताप अधिकारी

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आज भएको व्यास नगरपालिकाको आ.व. २०८१/०८२ को बजेट तर्जुमा सम्बन्धी पूर्व बजेट परामर्श बैठकमा सम्पूर्ण नगर सदस्यहरु, निवर्तमान कार्यपालिका सदस्यहरु, सल्लाहकार सदस्यहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, प्रदेश माननीय श्री अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समिति प्रमुख श्री शान्तिरमण वाग्ले, पूर्व प्रदेश सांसद श्री सरिता गुरुङ्ग, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदिशचन्द्र पोखेल, गण्डकी प्रदेशका नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. रघुराज काफ्ले, सबै शाखा/उपशाखा प्रमुखहरु सहभागी भई बैठक सम्पन्न भएकाले सहभागी सबैमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा २०८१ जेठ १ गतेदेखि लागू हुने गरी प्लाष्टिक झोलामुक्त अभियान र श्रोत मै फोहोर वर्गीकरण गरी संकलन गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने नगरबासीमा धन्यवाद ज्ञापन गर्दै सम्बन्धित कार्यविधिलाई कडाईका साथ लागू गरी अनुगमन प्रकृयालाई समेत निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा नगर सभाबाट पारित भई कार्यान्वयनमा रहेका ऐन, नियम, मापदण्डमा संशोधन आवश्यक भएमा सो विषयमा र नयाँ प्रस्तावित व्यास

नगरपालिका जलजंगल सम्बन्धी विधेयक लगायत अन्य विधेयकहरुका मस्यौदा प्रस्ताव तयार गरी २०८१ जेठ महिना भित्रमा पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरिन्छ ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको वित्तीय साक्षरता नवप्रवर्तन तथा उद्यमशीलता रणनीति २०८१-२०८६ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको वडा नं.११, १०, ९ र ७ भएर घाँसीकुवादेखि कलेस्तीसम्म विस्तार एवं निर्माण हुन गइरहेको विश्व बैंङ्कको लगानी शहरी विकास मन्त्रालय शासकीय सुधार अन्तर्गतमा प्रथम तहको कार्यक्षेत्र स्तरीय र द्वितीय तहको नगरस्तरीय प्रथम एवं द्वितीय तहको गुनासो सुनुवाई समिति निर्माण गर्नुपर्ने देखिंदा

**प्रथम तहको कार्यक्षेत्र स्तरीय सुनुवाई समिति :**

| | | |
|---|---|---|
| १) संयोजक | श्री दलबहादुर दुरा | – वडा अध्यक्ष वडा नं.११ |
| २) सदस्य | श्री खेमराज पोखेल | – वडा अध्यक्ष वडा नं.१० |
| ३) सदस्य | श्री सुरेश थापा | – वडा अध्यक्ष वडा नं.९ |
| ४) सदस्य | श्री कृष्णप्रसाद न्यौपाने | – वडा अध्यक्ष वडा नं.७ |
| ५) सदस्य | श्री सरस्वती वि.क. | – वडा सदस्य वडा नं.७ |
| ६) सदस्य | श्री गोविन्द अधिकारी | – प्रभावित क्षेत्रका टोल अध्यक्ष |
| ७) सदस्य | श्री सुनिल राना | – प्राविधिक वडा नं.११ |
| ८) सदस्य सचिव | ई.श्री बिष्णुप्रसाद पाठक | (DSC प्रतिनिधि) |

**द्वितीय तहको नगरस्तरीय सुनुवाई समिति**

| | |
|---|---|
| १) संयोजक | श्री इन्दिरा दरै – उपप्रमुख |
| २) सदस्य | श्री प्रमुख प्रशासकीय अधिकृत |
| ३) सदस्य | श्री केदारराज आचार्य – शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख |
| ४) सदस्य | डा. श्री राजु पौडेल – आयोजना सम्पर्क व्यक्ति |
| ५) सदस्य सचिव | ई. श्री सुरेश बराल – परामर्शदाता टोली नेता |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा वडास्तरीय जनप्रतिनिधिहरुको मर्यादाक्रमका विषयमा विभिन्न टिका टिप्पणी एवं गुनासो आएकाले नगरस्तरीय एवं वडास्तरीय मर्यादाक्रमको कार्यविधि बनाई पेश गर्न विधायन समितिलाई निर्देशन दिने र वडास्तरमा हाल निम्नानुसार मर्यादाक्रम तोक्ने निर्णय गरियो ।

(क) वडा अध्यक्ष

(ख) सम्बन्धित वडाको कार्यपालिका सदस्य

(ग) दोस्रो पटक निर्वाचित वडा सदस्य

(घ) दोस्रो पटक निर्वाचित वडा सदस्यहरु १ भन्दा बढी भएमा उमेरको जेष्ठताको आधारमा क्रमशः

(ङ) निर्वाचित नयाँ सदस्यहरुको उमेरको जेष्ठताको आधारमा क्रमशः

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट आ.व.२०८१/०८२ का लागि यस नगरपालिकामा समानीकरण बजेट अन्तर्गत रू.२,५९,०८,०००। र सवारी करको बाँडफाँडबाट रू.२,५१,७१,०००। समेत जम्मा रू.५,१०,७९,०००। सिमा निर्धारण भई गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयबाट पत्र प्राप्त भएकाले बैठकमा जानकारी प्राप्त गरीयो, आगामी बजेट तयार गर्दा उक्त रकम समेत समावेश गरी पेश गर्न बजेट तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई जिल्लास्तरीय खोप अनुगमन समितिबाट पूर्ण खोप सुनिश्चित नगरपालिका भएको प्रमाण-पत्र वितरण भएकाले यस पालिकालाई आ.व. २०८०/०८१ लाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय खोप अभियान अन्तर्गत मिति २०८१/२/१४ देखि २८ सम्म हुन गइरहेको आई.पि.भि. खोप अभियान यस नगरपालिकामा समेत प्रथम चरणमा सञ्चालन हुन गइरहेकोले उक्त अभियानलाई सफल बनाउन सम्पूर्ण जनप्रतिनिधि सामाजिक एवं शैक्षिक संघ/संस्था, आम नगरबासीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ सत्यवती मा.वि. मा कार्यरत मा.वि. अंग्रेजी शिक्षक श्री पुष्पकला भट्टराई मिति २०७४/१०/१४ देखि २०७५/१०/१३ सम्म एम.फिल. अध्ययन बिदामा जानु भएकोमा मिति २०७५/१२/३० सम्म विद्यालयमा हाजिर नहुनु भएको तर निजको मासिक पारिश्रमिक विद्यालयले निज पुष्पकला भट्टराईको खातामा गइरहेको भन्ने विषयमा निजले आफूले प्राप्त गरेको विद्यालयमा हाजिर नभएको अवधिको रू.१,०३,५५७ मिति २०८०/४/२१ मा राजश्व खातामा जम्मा गरिएको देखिएको सो विषयमा निज शिक्षकले बेतलवी असाधारण बिदा माग गर्नु भएकोमा सो विषयमा जिल्ला शिक्षा समन्वय इकाईमा आवश्यक निकासका लागि पठाइएकोमा हालसम्म कुनै लिखित जानकारी नआएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ पछि सामुदायिक विद्यालयका शिक्षकहरुको बिदा स्वीकृत, सिफारिसको दायित्व स्थानीय पालिकालाई प्राप्त भएको देखिंदा निज शिक्षकले आफू विद्यालयमा हाजिर नभएको अवधिको प्राप्त तलबभत्ता समेत फिर्ता गरी सकेको देखिंदा निज शिक्षकको अध्ययन बिदा समाप्त भई विद्यालयमा हाजिर नभएको अवधि मिति २०७५/१०/१४ देखि २०७५/१२/३० सम्म २ महिना १६ दिनको सेवा अवधिमा गणना नहुने गरी निज शिक्षकलाई सचेत गराई विद्यालय व्यवस्थापन समितिको मिति २०८०/४/२३ को निर्णयानुसार बेतलवी असाधारण बिदा स्वीकृत गरी निज पुष्पकला भट्टराईको विदा अभिलेखीकरण गरिदिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा करार सेवामा कार्यरत चालक श्री विकास श्रेष्ठलाई अतिरिक्त समय समेत काममा खटिन पर्ने देखिंदा मासिक रू.४,०००। अतिरिक्त भत्ता २०८१ जेठ महिनादेखि लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धी विक्री ठेक्कामा आर्थिक ऐन, २०८० को दफा ड(१) मा भ्याट लगायतका कर बाहेक बिक्रीमा थप १०% कर लाग्छ भनी लेखिएकाले उक्त रकम छुट पाउँ भनी सम्बन्धित ठेकेदारबाट माग भई आएको र उक्त रकम कहाँ जाने हो र बाँडफाँड के कसरी हुने हो? निश्चित नदेखिएकाले सो १०% लिन पर्ने हो होइन? लिन नपर्ने भए सोही जानकारी पाउन र लिनुपर्ने भए के-कुन आधारमा थप कर लगाइएको हो, साथै उक्त रकम के-कसरी बाँडफाँड हुने हो, एकिन गरी पाउन गण्डकी प्रदेश सरकारमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.१० नयाँ बानेश्वर स्थित कार्यालय रहेका यु.भि. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. को अख्तियार प्राप्त सञ्चालक युवराज श्रेष्ठले आफ्ना हकमा समेत यस नगरपालिका कार्यालयलाई प्रत्यक्षर्थी बनाई उत्प्रेषणको रिट नं. (०८०-WO-२१२०) र उत्प्रेषण परमादेश रिट नं. (०८०-WO-२११९) समेत उच्च अदालत पाटनमा दिनु भएको २ (दुई) थान मुद्दामा यस नगरपालिकालाई मिति २०८१/२/२ गते १५ दिने म्याद तामेल भएकाले उक्त दुई वटै मुद्दाहरुमा लिखित जवाफ लेखी पेश गर्न र मुद्दाको पुर्पक्ष गर्न व्यास नगरपालिकाका तर्फबाट यस कार्यालय योजना शाखाका सहायक प्रशासकीय अधिकृत (अधिकृत छैटौं) श्री भेषराज तिवारीलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रमको शिर्षक नं.४ मा मौरीपालनका लागि आवश्यक आधारभूत प्रविधिहरु हस्तान्तरण बजेट रू.९,५०,०००। र शीर्षक नं.५ मा गोला सहितको आधुनिक घार खरिद बजेट रू.१०,००,०००। विनियोजन भएकोमा कार्यक्रम कार्यान्वयन गर्दै जाँदा शीर्षक नं.४ बाट रू.४,५०,०००। र शीर्षक नं.५ बाट रू.७४,५००/- गरी उक्त शीर्षकहरुबाट जम्मा रकम रू.५,२४,५००। बाँकी रहने देखिएको, साथै रुम्सी टोल विकास समितिको मिति २०८१/०१/२३ गतेको टोल भेलाको निर्णय सहित मिति २०८१/१/२७ गते प्राप्त निवेदन र व्यास नगरपालिका कार्यक्रम कार्यान्वयन समितिको बैठकको निर्णयलाई समेत आधार मान्दा मौरीपालन सम्बन्धी मिल्दो शीर्षकबाट नै बाँकी हुन आएको उक्त रकम रू.५,२४,५००। बाट गोला सहितको एपिस सेरेना जातको आधुनिक मौरी घार खरिद गरी रुम्सी नमूना गाउँमा वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/१/२३ को निर्णय नं.३४ को प्रस्तावमा निर्णय लेख्न छुट देखिएकोले बजेट शीर्षक नं.११४ (९९) को रू.५,००,०००। बाट तालिम सहित ७५% अनुदानमा गोला, घार तथा अन्य उपकरण वितरण गर्ने गरी सम्बन्धित शाखाबाट भएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत उदय मा.वि. देखि बाखे जोड्ने झोलुङ्गे पुलको लागि आवश्यक स्टिल सामग्रीहरु खरिद (ठेक्का नं २/GOODS/vyasmun/२०८०/०८१) योजनाका विद्युतीय बोलपत्र आब्हान गरिएकोमा दर्ता भएका विभिन्न फर्मका बोलपत्र मध्ये न.पा. कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मु.अ. कर र कन्टेन्जेन्सी बाहेक) रू.३४,००,३७०/७८ मा सबैभन्दा बढी २०.७५ प्रतिशत रकम घटी बोलपत्र दर्ता गराउने **श्री एग्रो ईन्जिनियरिङ्ग वर्क प्रा.लि.बुटवल १२ रुपन्देहीले** कबोल गरेको (मु.अ. कर र कन्टेन्जेन्सी बाहेक) रू.२६,९४,७९८/३० अंकको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकोले मूल्याङ्कन समितिको सिफारिस बमोजिम उक्त बोलपत्र स्वीकृत गरी खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारको समपुरक अनुदान कालिका मार्ग स्तरोन्नति योजनाको लाग चालु आर्थिक वर्षमा रू.६०,००,०००। बजेट विनियोजन भएकोमा ठेक्का मार्फत निर्माण कार्य सम्पन्न भएको हुँदा गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयमा आवश्यक कागजात सहित अन्तिम किस्ता निकासा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आर्थिक ऐन, २०८० मा तोकिएको करको दायरा विषयमा सरोकारवालासँग परामर्श एवं समीक्षा गरी आर्थिक विधेयक, २०८१, २०८१ जेष्ठभित्र प्रस्तावित गर्न राजश्व परामर्श समितिलाई निर्देश दिने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुदा आ.व.२०८१/०८२ का लागि नीति कार्यक्रम तथा बजेट कार्यक्रम प्रस्तावित गर्न निम्न कार्य तालिका अनुसार गर्ने गराउने गरी सम्बन्धित सबैलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

(१) वडाहरुबाट बस्ती एवं टोल विकास अन्तर्गत योजना छनौट २०८१, जेष्ठ १५ भित्र ।
(२) वडा समितिहरुबाट बजेट सिमाभित्र रही वडास्तरीय योजना छनौट, नगरस्तरीय योजना प्रस्ताव, योजना बैङ्कमा समावेश गर्ने । योजनाहरु निर्धारण गर्ने २०८१ जेठ २० गतेभित्र ।
(३) वडा समितिबाट प्रस्तावित बजेट कार्यक्रम नगरपालिकामा पेश गर्ने २०८१ जेठ २३ गतेभित्र ।
(४) व्यास नगरपालिकाभित्र कार्यक्रम गर्न चाहने सरकारी गैह्र सरकारी, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ/संस्थाहरुले कार्यक्रम प्रस्ताव गर्ने २०८१ जेठ मसान्तभित्र ।
(५) नगरस्तरीय राजनैतिक दल, संघ, प्रदेशका मा. सांसदहरु र अन्य सरोकारवालाहरुसँग नगरपालिकाबाट परामर्श बैठक मिति २०८१/२/२५ देखि २०८१/२/३२ सम्म ।
(६) विभिन्न क्षेत्रबाट प्राप्त सुझाव, वडाबाट प्रस्तावित योजनाहरु, प्रस्तावित आर्थिक ऐन, विधेयकहरुका सम्बन्धमा नगर कार्यपालिकामा छलफल प्रस्ताव तयार २०८१/३/५ देखि ७ गतेसम्म ।
(७) नीति, कार्यक्रम पेश पारित र बजेट कार्यक्रम विधेयकहरु प्रस्ताव गर्ने २०८१ असार १० गते ।
(८) नगर सभाको १० गतेको निर्णयानुसार बजेट कार्यक्रम र विधेयकहरु छलफल गरी पारित गर्ने मिति तय हुनेछ ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८०/०८१ मा आन्तरिक आयतर्फ रू.१९,६३,००,०००। प्रस्ताव गरिएकोमा २०८१ बैशाख मसान्तसम्म रू.१२,३४,०२,६०७/६२ प्राप्त भएको बैठकलाई जानकारी प्राप्त भएकोले यस वर्षको बाँकी अवधिमा राजश्व बृद्धिका क्षेत्रलाई विशेष ध्यान दिई कार्य अघि बढाउन राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा दलित लक्षित कार्यक्रम अनुसार बजेट शीर्षक नं.१२४ बाट खर्च हुने गरी सम्बन्धित समितिको सिफारिसमा निम्नानुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) श्री बुद्धिमामा मजकोटी मौरती | – ट्याम्पु व्यवसायी, व्यास ११ | – २५,०००। |
| (ख) सुनित बसेल धौलाकोटी | – सिलाई मेशिन खरिद, व्यास ४ | – १५,०००। |
| (ग) मिना नेपाली | – सिलाई व्यवसाय प्रवर्द्धन, व्यास २ | – ३०,०००। |
| (घ) राधिका परियार | – राधिका ड्रेस कर्नर, व्यास २ | – १५,०००। |
| (ङ) प्रकाश वि.क. | – आरन व्यवस्थापन, व्यास ८ | – १५,०००। |

जम्मा : **– १,००,०००।**

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा मानहुँ पर्यटन सम्बन्धी आशय पत्र यस अघि २०८०/१२/९ को बैठकबाट निर्णय माग भई आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा सूचना बमोजिम व्यास हिल्स प्रा.लि. ले मात्र प्रस्ताव पेश गरेको एक मात्र प्रस्ताव हुँदा पुन: ७ (सात) दिने सूचना प्रकाशित गरी प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ को लागत सहभागिता बजेट शीर्षक ८५४ र ८५५ बाट लक्ष्मी टोल र श्री टोल अन्तर्गत सफासडकदेखि कालिका मार्गसम्मको १० फुटे बाटो पी.सी.सी. ढलान योजनामा विनियोजित ८,५०,०००। (लागत समेत) बाट उक्त योजना सम्पन्न भई रु.५१,०००/ बाँकी रहेको देखिंदा बाँकी रकम सि.सि. क्यामेरा जडानमा खर्च गर्ने र वडा नं.२ कै लागत सहभागिताको बजेट शीर्षक नं.४५४ को १६,००,०००/(सोह्र लाख) लागत सहभागिता रकमको श्री टोल र सिद्धार्थ टोल अन्तर्गत १० फुटे बाटोको नाला पि.सि.सि. ढलानको योजना सम्पन्न हुँदा रु.२,००,०००। (दुई लाख) घटी भई बचत रहन गएकाले सोही टोलहरुमा सि.सि. क्यामेरा जडान योजनामा वडाको सिफारिस अनुसार खर्च गर्न दिने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्महरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भए पश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्ने समेत निर्देशन दिने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम ।- | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | मोहरियाटार टोल ग्राभेल नाला | १ | ८०,०००।- | ८७७ |
| २. | कुन्छाली टोल सिंचाई व्यवस्थापन पम्प खरिद समेत | १ | १,००,०००।- | ८२३ |
| ३. | नवआदर्श आमा समुह भवनमा फर्निचर खरिद | १ | ५०,०००।- | ७२ |
| ४. | युवा रेडक्रस सर्कल आदिकवि भानुभक्त क्याम्पस कार्यक्रम सहयोग | १ | ५०,०००।- | १०८ |
| ५. | तनहुँ जिल्ला भलिबल संघ कार्यक्रम सहयोग | २ | १,००,०००।- | १३१ |
| ६. | उ.वा.संघ दमौली बजार इकाई CC क्यामेरा मर्मत जडान | २,३ | ६,००,०००।- | ८७७ |
| ७. | वडा नं.३ पोलतार व्यवस्थापन | ३ | २,००,०००।- | ८२४ |
| ८. | महिला सञ्जाल वडा व्यवस्थापन समन्वय (थप) | ४ | १६,०००।- | १६९ |
| ९. | चिन्तुटार टोल लिफ्ट सिंचाई मोटर तार खरिद | ५ | २३,९००।- | ८२३ |
| १०. | मुलाबारी खेतकुलो मर्मत निर्माण | ६ | २,००,०००।- | ८२३ |
| ११. | रामचन्द्र सुनार खानेपानी पाइप खरिद | ७ | २५,०००।- | ८३१ |
| १२. | तल्लो सामली टोल खानेपानी पाइप खरिद समेत | ७ | ५०,०००।- | ८३१ |
| १३. | चिप्लेटी खानेपानी योजना पाईप खरिद | ८ | ११,४००।- | ८३१ |
| १४. | मिना तामाङ रोका आगजनी राहत | ९ | २०,०००।- | विपद |
| १५. | सुभेच्छा ढुंगाना उच्च शिक्षा अध्ययन सहयोग | १० | २५,०००।- | ८३ |
| १६. | तुलसीमायां सुवेदी तरकारी खेती सिंचाई पाइप खरिद | १० | ३०,०००।- | ८२३ |
| १७. | डांडागाउं चिलाउनेपानी पाइप खरिद | ११ | ६०,०००।- | ८३१ |
| १८. | अनिल दाहाल घर विपद परि निर्माण | ११ | ७५,०००।- | विपद |
| १९. | टिकालाल बि.क. घर छाना जीर्ण छाना छाउने | ११ | ५०,०००।- | विपद |
| २०. | गोपाल बि.क.घर छाना जीर्ण छाना छाउने | ११ | ३०,०००।- | विपद |
| २१. | मेनका कार्की कृषि पशु फार्म पानी ईनार खन्ने कार्य | ११ | ९०,०००।- | ८२३ |
| २२. | चापपानी खानेपानी पाइप खरिद रमेश सुर्खाली | १२ | २०,०००।- | ८३१ |
| २३. | कृष्णबहादुर घर्ती मेरुदण्ड उपचार सहयोग | १३ | ३५,०००।- | ६३ |

| | | | | |
|---|---|---|---|---|
| २४. | वेलवास खानेपानी व्यवस्थापन पाइप खरिद | १३ | २,१०,०००।- | ८३१ |
| २५. | सविता तिवारी घर संरक्षण | १४ | ४०,०००।- | विपद |
| २६. | विचर प्रवाह कास्की विज्ञापन सहयोग | | १०,०००।- | ३९ |
| २७. | रोट्याक्ट क्लब सचिन स्मृति दौड प्रतियोगिता सहयोग | | ५०,०००।- | १२८ |
| २८. | रोट्याक्ट क्लब होली फेस्टिवल व्यवस्थापन सहयोग | | ५०,०००।- | १२८ |
| २९. | समता दिवस कार्यक्रम व्यवस्थापन सहयोग | | ५०,०००।- | ७२ |
| ३०. | दलित मुक्तिमोर्चा कार्यक्रम सहयोग | | २५,०००।- | ७२ |
| | **जम्मा** | | **२३,७६,३००।-** | |

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा नगरपालिका ३ स्थित दमौली सामुदायिक अस्पताल प्रा.लि. नयाँ दर्ता गरी सञ्चालन गर्नका लागि अनुमति माग भई आएकाले १५ बेड सहितको सेवा उपलब्ध गराउने गरी १ वर्षका लागि स्वास्थ्य संस्था दर्ता गरी सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका तपशिल बमोजिमका दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई सशर्त तर्फको खर्च शीर्षक नं.३४३ को दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम शीर्षकबाट र आन्तरिक तर्फको खर्च शीर्षक नं.९६ को सहकारी मार्फत बिकी हुने दुधमा किसानलाई उपकरण आदि अनुदान शिर्षकबाट पहिलो र दोस्रो चौमासिकको दुधको रेकर्ड अनुसार प्रति लिटर रु.१। का दरले कार्यक्रम कार्यान्वयन समितिको सिफारिस अनुसार तपशिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | दुग्ध उत्पादक सहकारी संस्था | ठेगाना | दुध उत्पादन लिटर | अनुदान पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १० | ४१४२७४.५ | ४१४२७४५ | |
| २. | सेवर दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १० | १०१६०९ | १०१६०९ | |
| ३. | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास ५ | १४३३८२.६ | १४३३८२.६ | |
| ४. | चरकुने दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १ | ७२६५७.२ | ७२६५७.२ | |
| ५. | बेलबास दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १३ | २८३७४२.५ | २८३७४२.५ | |
| | जम्मा | | १०१५६६५.८ | १०१५६६५.८ | |

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा छलफल गर्दा सशर्त तर्फको खर्च शीर्षक नं.३४४ को मासु प्रबर्द्धन कार्यक्रममा कार्यक्रम कार्यान्वयन समितिको सिफारिस अनुसार तपशिल बमोजिमका सहकारी संस्थाहरुलाई पहिलो र दोस्रो चौमासिकमा बिकी बितरण गरेको खसी बोकाको रेकर्ड अनुसार प्रति के.जी. रू.२०। का दरले हुन आउने निम्न रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | सहकारी संस्था | ठेगाना | बिकी भएका खसी बोका के.जी. | अनुदान पाउने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | शुभदिप सामाजकि उधमी महिला सहकारी संस्था लि. | व्यास ८ | १३३८६.१६ | २६७७२३.२ | |
| २. | आधारशिला सामाजकि उधमी महिला सहकारी संस्था लि. | व्यास १२ | ३०२८ | ६०५६० | |
| | जम्मा | | १६४१४.१६ | ३२८२८३.२ | |

**<u>निर्णय नं.३०:</u>** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले बिधुतीय बिउ व्यवस्थापन प्रणाली मार्फत माग गरेको धानको उन्नत बीउ खरिदका लागि बीउ-विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुरको च.न. ७६३, मिति २०८१/०१/१० गतेको पत्रानुसार निर्देशित श्रोत केन्द्रबाट खरिद गरिएको र बिउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को दफा १० उपदफा ६ मा व्यवस्था भए बमोजिम उक्त धानको बिउको तोकिएको खरिद मूल्यमा व्यास न.पा. को कार्यालयसम्म ढुवानी तथा लोड अनलोड गर्दा लागेको खर्च रकम जोडी तपसिल अनुसारको मूल्य कायम गर्ने र कृषकहरुलाई ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम कार्यान्वयन समितिबाट सिफारिस भए अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

१ सावित्री प्रति के.जी. रु. ६४/- (चौसठ्ठी)
२ रामधान प्रति के.जी. रु.६९/- (उनान्सत्तरी)
३ सुख्खा -२ प्रति के.जी. रु.६४/- (चौसठ्ठी)

**<u>निर्णय नं.३१:</u>** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा साविक जामुने गा.वि.स. वडा नं.१ घर भई हाल व्यास नगरपालिका वडा नं.५ बस्ने बुद्धिमान रानाको छोरा वर्ष ४० को किर्तिमान राना समेत जना ५१ रिट निवेदक भएको रिट नं.080-WO-०१६१ निषेधाज्ञा मुद्दामा व्यास नगरपालिकाको कार्यालय, व्यास नगरपालिका जलश्रोत समिति, नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत र ५ नं. वडा कार्यालयको तर्फबाट लिखित जवाफ लेखी श्री उच्च अदालत पोखरामा दर्ता गर्न र मुद्दाको पूर्पक्ष गर्नका लागि व्यास नगरपालिका वडा नं.५ वडा कार्यालमा कार्यरत वडासचिव (अधिकृत छैठौं) श्री विश्वनाथ पौडेललाई अख्तियारी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३२:</u>** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा व्यास नगपालिकाको घर नक्शा पास प्रणालीको Digitilization का लागि Dedicated repair का लागि NSET सँग सम्झौता भएकोमा आ.व.२०७९/०८० र आ.व.२०८०/०८१ सालको भुक्तानीका लागि वार्षिक रु.२,५०,०००। का दरले बजेट शीर्षक नं.१२७ बाट रु.५,००,०००। (पाँच लाख) भुक्तानी गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३३:</u>** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित वडाहरुबाट योजना परिवर्तन सम्बन्धमा सिफारिस भई आएकाले पत्रको माग अनुसार योजना परिवर्तन गरी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

<u>(क) वडा नं.१२:</u> बजेट शीर्षक नं.७४५ (७०१) को गोलटारी खानेपानी टंकी निर्माण योजनाको रकम रु.२,००,०००। (दुई लाख) सोही वडाको बाङ्गे सिमल खानेपानी टंकी निर्माण गर्ने गरी योजना परिवर्तन गर्ने ।

<u>(ख) वडा नं.१३:</u> बजेट शीर्षक नं.७९० (७४६) मा कोटथोक टोल पुरानो गोरेटो मार्गमा विनियोजित रकम रु.१,००,०००। (एक लाख) विवाद भई खर्च हुन नसक्ने अवस्था भएकाले सो रकम वडा नं.१३ सिमलस्वाँरा टोलमा रहेको सिमलस्वांरा भूतीमा घुम्ती हुंदै चामनाथ बगरेखोला स्तरोन्नति गर्ने गरी योजना परिवर्तन गर्ने ।

<u>(ग) वडा नं.१४: (१):</u> बजेट शीर्षक नं.८०९(७६५) मा लेखिएको रु.२,००,०००। (दुई लाख) रकम उक्त सेडमा चौतारादेखि तारम घर माथिसम्मको घुम्तीसम्म बाटो चिठ्ने र ढलान कार्य हाल गर्न नसकिने हुँदा उक्त शीर्षक परिवर्तन गरी उक्त रकम रु.२,००,०००। (दुई लाख) बजेट शीर्षक नं.८०३ को ढाकेस्वाँरा चोकदेखि सुंढेर मरौटे मोटर मार्गको नाला निर्माणमा थप गर्ने ।

<u>(२)</u> बजेट शीर्षक नं.२४७ वडागत धार्मिक सांस्कृतिक प्रवर्द्धनमा रहेको चालु बजेट रु.२,००,०००। (दुई लाख) मध्येबाट बाँकी हुन आएको रु.१,५०,०००। (एक लाख पचास हजार) छाब्दी बराह खानेपानी तथा सरसफाई उपभोक्ता समिति अन्तर्गत मुल संरक्षणका लागि खर्च गर्ने गरी वडाको सिफारिसमा योजना परिवर्तन गर्ने ।

<u>(३)</u> बजेट शीर्षक नं.८१४ को विपद् व्यवस्थापन (पूंजीगत) मा विनियोजित रु.३,००,०००। (तीन लाख) व्यास १४ को सुंढेर मरौटे टोल अन्तर्गत रहेको अधुरो सामुदायिक भवन जोखिममा रहेकाले उक्त भवन सम्पन्न गर्न खर्च गर्ने ।

**निर्णय नं.३४:** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ मा रहेको रिस्ती २ स्वास्थ्य चौकीका लागि जग्गा नहुँदा भवन निर्माण कार्य अघि बढ्न नसकेकाले स्थानीय श्री उद्धव पौडेलले आफ्ना नाउँमा रहेको साविक मिर्लुङ्ग १/क कि.नं.२७ को क्षेत्रफल ९-१३-२-१ मध्येबाट कित्ताकाट गरी पश्चिम तर्फ १-४-०-० जग्गा रिस्ती २ स्वास्थ्य चौकीलाई निशुल्क रुपमा रजिष्ट्रेशन पारित गरिदिन निवेदन दिनु भई सम्बन्धित वडाबाट सिफारिस भई आएकाले उक्त जग्गा हाल रिस्ती २ स्वास्थ्य चौकी व्यास नगरपालिकाका नाउँमा पारित गर्न यस कार्यालयका तर्फबाट अधिकृत छैटौं श्री कृष्णप्रसाद पौडेललाई प्रतिनिधि मुकरर गर्ने निर्णय गरियो ।

**निर्णय नं.३५:** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रममा दक्ष श्रमिक निर्माण सामग्री, हाते औजार र सुरक्षा सामग्री स्थानीय तहबाट साझेदारी गर्नका लागि संघीय सरकारबाट प्रस्ताव आएकोमा व्यास नगरपालिकाको तर्फबाट साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६:** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा श्री जनसेविका प्रा.वि. व्यास १ मा रिक्त प्रधानाध्यापक पदमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार प्रा.वि. तह स्थायी शिक्षक श्री माधवी पण्डितलाई प्रधानाध्यापक पदमा रही कामकाज गर्न दिने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३७:** प्रस्ताव नं.३७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० र ११ मा सञ्चालित स्लेटढुंगा खानी उत्खनन् सम्बन्धी विषयका सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट माग भएका कागजातहरु समय समयमा पठाइएको, घर सौन्दर्यका लागि सामाजिक मा बमोजिम स्थानीय सरकार सञ्चालन ऐन र गण्डकी प्रदेश आर्थिक ऐन अनुसार स्थानीय सरकारलाई दिइएको अधिकार मात्र प्रयोग गर्दै कटिङ्ग/उत्खनन् उद्योगहरुलाई नगर सभाबाट एक वर्षका लागि मात्र सञ्चालन गर्न राजश्व लिई अनुमति दिइएको हाल उक्त फर्महरु नियमानुसार प्रक्रियामा नआएकाले सञ्चालनमा नरहेको, यस कार्यालयबाट खानी उद्योग सञ्चालन गर्न अनुमति नदिइएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन गराई स्वीकृत खानी उद्योगहरु बाहेक निजी जग्गाको स्लेट ढुङ्गा उद्योगबाट व्यास नगरपालिकाले आन्तरिक आय बृद्धि गरेको र व्यक्तिको निजी जग्गामा सञ्चालन भए पनि व्यक्तिलाई कुनै पनि गैरकानुनी फाइदा पुग्ने काम नभएको र सरकारी हानी नोक्सानी नभएको व्यहोरा स्थलगत अनुगमनबाट देखिंदा गण्डकी प्रदेश सरकारको आर्थिक ऐनको दफा ८(१) अनुसूची ७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को २(घ) र (प) ७ मा यस नगरपालिकालाई दिइएको अधिकार क्षेत्रभन्दा बाहिर नगई कार्यालयबाट जारी कार्यविधिको अधिनमा रही नगरपालिकाको आन्तरिक आय बृद्धि गरिएको व्यहोरा स्पष्ट नै हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखरालाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३८:** प्रस्ताव नं.३८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको निर्णयानुसार व्यास ११ स्थित चण्डेश्वरी आधारभूत विद्यालयमा प्रस्ताव गरिएको स्वयंसेवक शिक्षक मनकामना प्रा.वि. व्यास १२ मा कायम हुने गरी निर्णय संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३९:** प्रस्ताव नं.३९ का सम्बन्धमा छलफल हुँदा श्री पराशर मा.वि. व्यास ५ मा कार्यरत विज्ञान विषय पढाउने स्वयंसेवक शिक्षक श्री विजय सारुले राजिनामा दिई स्वीकृत भएकाले सो दरबन्दीमा हाललाई २०८१ असार मसान्तसम्म स्वयंसेवक शिक्षक दरबन्दी कायम गरी शिक्षक नियुक्तिका लागि पराशर मा.वि. व्यास ५ लाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.४०:** प्रस्ताव नं.४० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत तत्काल खर्च हुन नसक्ने बजेट शीर्षक नं.८२६ बाट रु.१५,००,०००। (पन्ध्र लाख) र शीर्षक नं.८३५ को रु.१२,००,०००। (बाह्र लाख) समेत रु.२७,००,०००। (सत्ताइस लाख) खानेपानी, सिंचाई व्यवस्थापन, शहरी क्षेत्रमा CC क्यामेरा लगायत

पूँजीगत कार्यमा खर्च गर्ने र आगामी नगर सभाबाट अनुमोदन हुने गरी योजना परिवर्तन गर्ने र सम्बन्धित शीर्षकको रकम आगामी नगर सभाबाट सोधभर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं.४१:** प्रस्ताव नं.४१ का सम्बन्धमा छलफल हुँदा नगर विकास कोषको मिति २०८१/१/२५ को पत्रानुसार जग्गा विकास आयोजनामा हालसम्म रु.९४,६०,३४९/(चौरान्नब्बे लाख साठी हजार तीन सय उनान्पचास) ऋण प्राप्त भएकाले अभिलेख व्यवस्थापन गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४२:** प्रस्ताव नं.४२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नविकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biyomatric Verification अनिवार्य गरिने गरी गृह मन्त्रालयबाट परिपत्र भई आएकाले निम्न कार्यहरु गर्न गराउन सम्बन्धित शाखा र वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

(१) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले राष्ट्रिय परिचयपत्र प्राप्त गरी नसकेको भए नजिकको Enrollment Station मा गई Enrollment गर्न सहयोग गर्ने ।

(२) राष्ट्रिय परिचयपत्र Enrollment भएका तर राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त नभएका लाभग्राही भएमा सेवा इकाईबाट http://Citizenportal.gov.np/Citizen portal लिङ्क मार्फत नम्बर प्राप्त गर्न सहयोग पुर्‍याउने ।

(३) दोश्रो चरण मिति २०८१/१०/१ गते देखि Biometric Verification अनिवार्य गरिएको भए विभागले उपलब्ध गराउने नमूना Specification अनुसार Biometric Scanner Device को व्यवस्था मिलाउने ।

***